
महेन्द्ररत्न बहुमुखी क्याम्पसको गुनासो सुनुवाइ/निवारण संयन्त्र (Grievance Redress Mechanism) सञ्चालन निर्देशिका, २०७९

त्रिभुवन विश्वविद्यालय

महेन्द्ररत्न बहुमुखी क्याम्पस,

इलाम

महेन्द्ररत्न बहुमुखी क्याम्पसको गुनासो सुनुवाइ/निवारण संयन्त्र (Grievance Redress Mechanism) सञ्चालन निर्देशिका, २०७९



त्रिभुवन विश्वविद्यालय

महेन्द्ररत्न बहुमुखी क्याम्पस,

इलाम

महेन्द्ररत्न बहुमुखी क्याम्पसको गुनासो सुनुवाइ/निवारण संयन्त्र (Grievance Redress Mechanism) सञ्चालन निर्देशिका २०७९

यस क्याम्पसमा क्याम्पसभित्रका आन्तरिक सरोकारवालाहरू (शिक्षक, कर्मचारी, विद्यार्थी) साथै बाह्य सरोकारवालाहरूबाट आउने गुनासो तथा उजुरीहरूलाई समयमानै व्यवस्थापन तथा समाधान गरी संस्थागत पारदर्शिता, जवाफदेहिता वृद्धि गरी संस्थागत सुशासन कायम गर्नका लागि क्याम्पस कार्यकारी समितिले यो सञ्चालन निर्देशिका त्रिभुवन विश्वविद्यालय स्वायत्तताको नियम २०६२ को नियम ३ को अधिकार प्रयोग गरी लागु गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

क. यो निर्देशिकाको नाम महेन्द्ररत्न बहुमुखी क्याम्पसको गुनासो सुनुवाइ निवारण संयन्त्र (Grievance Redress Mechanism) सञ्चालन निर्देशिका २०७९ रहेको छ।

ख. यो निर्देशिका तुरुन्त लागू हुने छ।

२. परिभाषा

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क. ऐन भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन २०४९ लाई सम्झनुपर्दछ।

ख. अन्य नियम भन्नाले स्वायत्ततासम्बन्धी नियम २०६२, त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०, कर्मचारी सेवासम्बन्धी नियम २०५०, आर्थिक व्यस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम २०५० लाई सम्झनुपर्दछ।

ग. निर्देशिका भन्नाले क्याम्पसका सरोकारवालाहरूबाट आउने गुनासो तथा उजुरीहरू सुनुवाइका लागि निर्माण निर्देशिकालाई सम्झनुपर्दछ।

घ. कार्यकारी समिति भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामको क्याम्पस कार्यकारी समिति सम्झनुपर्दछ।

ङ. प्राध्यापक भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा अध्यापनरत सबै तहका स्थायी र अस्थायी वा पूर्णकालीन करार र आंशिक शिक्षकहरू सम्झनुपर्नेछ।

च. कर्मचारी भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा कार्यरत सबै तहका स्थायी, अस्थायी वा करारमा कार्यरत पूर्णकालीन कर्मचारी सम्झनुपर्दछ।

छ. क्याम्पस भन्नाले महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम सम्झनुपर्दछ।

ज. तोकिएको वा तोकिएको बमोजिम भन्नाले क्याम्पस कार्य समितिले तोकिए बमोजिम सम्झनुपर्दछ।

झ. विश्वविद्यालय भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्दछ।

क्याम्पस प्रमुख

ङ. विद्यार्थी भन्नाले यस क्याम्पसमा भर्नाभई विभिन्न तहमा अध्ययनरत विद्यार्थीलाई सम्झनुपर्दछ।

ट. सरोकारवाला भन्नाले क्याम्पससँग सम्बन्धित आन्तरिक तथा वाह्य पक्षहरूलाई सम्झनुपर्दछ।

ठ. गुनासो सुनुवाइ/निवारण संयन्त्र भन्नाले क्याम्पस कार्यकारी समितिबाट गुनासो निवारणका लागि गठित समिति वा संयन्त्रलाई सम्झनुपर्दछ।

३. गुनासो सुनुवाइ/निवारण संयन्त्र (Grievance Redress Mechanism) यस क्याम्पससँग सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त गुनासो तथा उजुरीलाई सुनुवाइ तथा व्यवस्थापन गर्न क्याम्पस कार्यकारी समितिबाट तपशीलबमोजिमको गुनासो सुनुवाइ संयन्त्र (Grievance Redress Mechanism) निर्माण गरिने छ।

संयोजक	-क्याम्पस प्रमुख वा क्याम्पस प्रमुखले तोकेको व्यक्ति
सदस्य	-सहायक क्याम्पस प्रमुख सूचना अधिकारी
सदस्य	-अधिकृत स्तरको कर्मचारी
सदस्य	-क्याम्पस प्रशासन शाखामा कार्यरत १ जना महिला कर्मचारी

यस समितिको कार्यकाल ४ वर्ष रहनेछ।

४. गुनासो संयन्त्र तथा समितिको (Grievance Redress Mechanism)काम कर्तव्य तथा अधिकार

क. यस क्याम्पसका आन्तरिक सरोकारवाला (शिक्षक, कर्मचारी, विद्यार्थी) हरूबाट क्याम्पसका शैक्षिक प्रशासनिक लगायत विषयमा आएको मौखिक, लिखित गुनासो तथा उजुरीलाई समयमा सुनुवाइ गर्ने।

ख. यस क्याम्पसले आधिकारिक रुपमा राखेको गुनासो पेटिकामा सरोकारवालाहरूले राखेका लिखित उजुरी/गुनासो त्रैमासिक रुपमा बैठक बसी सुनुवाइ गर्ने।

ग. क्याम्पस दैनिक प्रशासन सञ्चालनसँग सम्बन्धित सूचनाहरूलाई नियमित रुपमा एकद्वार प्रणालीमार्फत आवश्यक्ताअनुसार प्रवाह गर्ने।

घ. अन्य, यससँग सम्बन्धित कार्य गर्ने।

५. व्याख्या गर्ने अधिकार

यो निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार क्याम्पस कार्यकारी समितिलाई हुनेछ।

६. संशोधन

यो निर्देशिका संशोधन गर्नु परेमा क्याम्पस कार्यकारीको संशोधन प्रस्तावअनुसार क्याम्पस सञ्चालक समितिले स्वीकृत गरी आवश्यक संशोधन गर्न सकनेछ।

क्याम्पस प्रमुख